# दुहबी-भलुवा नगरपालिकाको संक्षिप्त विवरण २०७२

पृष्ठभुमिः
नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोशी अञ्चलको ६ वटा जिल्लाहरु मध्ये एक जिल्ला सुनसरी जिल्लामा २ वटा उपमहा नगरपालिका र ३ नगरपालिका मध्येमा नव निर्वित नगरपालिका दुहबी भलुवा, २ वटा गाविस दुहवी र भलुवा मिलेर बनेको नगरपालिका हो। नेपाल सरकारको मिति २०७१.०१.२५ गतको निर्णाय अनुसार दुहबी(भलुवा नगरपालिका घोषणा गरिएको हो। सुनसरी जिल्लाका निर्वाचन क्षेत्र न. ३ को १५ वटा इलाका मध्ये ७ न. इलाकामा पर्ने दुहवी र भलुवा गाविसलाई एक बनाई १४ वटा वडामा बिभाजन गरी नयाँ नगरपालिका दुहबी-भलुवा नगरपालिका घोषणा गरिएको हो। यस न.पा.को मुख्य बजारमा कोशी हाइवे अवस्थित रहेको छ, दुहबीको मुख्य भागबाट निस्केको पीच सडक इनरुवा दुहबी रोडले सुनसरीको सदरमुकाम जोडेको छ र भलुवाको ग्राभेल रोडले भलुवा र दुहबीलाई जोडेको छ। दुहबीमा २ दिन मंगलबार र शुकबार ठूलो हाटबजार लाग्ने गरेको छ। प्रमुख मवेशी हाटबजार पनि यसै नगरपालिकामा मंगलबार लाग्ने गरेकाले ठूलो संख्यामा गाईबस्तु, भैसी, बाखाबाखी बंगुर आदिको बिकी वितरण हुने गरेको छ। यो नगरपालिकाको दुहबी क्षेत्रमा कलकारखाना तथा बजार रहेको छ भने भलुवा क्षेत्र ग्रामीण क्षेत्रको रुपमा रहेको छ। यहाँका मानिसहरुको मुख्य पेशा खेतीपाती नै रहेको छ। यो नगरपालिकाको पूर्व र दक्षिण भूभाग मोरङ्ग जिल्लासँग जोडिएको भएपनि बुढी खोला वा नदीले छुट्याएको छ। यो नगरपालिका समुद्र सतहबाट ८३ मिटर उचाइमा रहेको छ।

**सिमाना**
पुर्वमा : मोरंग जिल्लाको डंग्राहा र हातीमुडा गाविस
पश्चिममा : सिमरिया गाविस
उतरमा : सोनापुर र मधेली गाविस
दक्षिणमा : हातिमुडा र पुर्व कुसाहा गाविस
क्षेत्रफल : ३३४४ हेक्टर
जनसंख्या : २५५४५
पुरूष: १२७९७
महिला: १२७४८
घरधुरी संख्या: ५३२७
मतदाता संख्या: १२७८९

**सामाजिक परिचालन**
सामाजिक परिचालन वडा : १४
सामाजिक परिचालक: २ जना (महिला
नागरिक वडा मंच: १४ वटा
नागरिक सचेतना केन्द्र: २ वटा